फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)
फिदिम, पाँचथर

१ नं. प्रदेश, नेपाल

च.नं. ९६८
प.सं. ०७७/७८

# सूचना। सूचना॥ सूचना॥।

**बेवारिसे सवारी साधनहरु हटाइदिनुहुन।**
**(सूचना प्रकाशित मितिः २०७८।०५।२४)**

विगत लामो समयदेखि यस नगरपालिकाको वडा नं. ८ स्थित पौवा भञ्ज्याङ बजारभित्र मेची राजमार्गको छेवैमा प्लेट नं. बा २ ख ७४८० को ट्रिपर एक(१) थान र वडा नं २ स्थित साम्दिन, घुम्ती चोकदेखि अन्दाजी ४० मिटरको दुरीमा साम्दिन हुँदै नवमीडाँडा जाने बाटोमा २०३९-४७ नं. को एक्साभेटर एक(१) थान बेवारिसे अवस्थामा रहेको पाईएको छ। यी सवारी साधनहरू कसको स्वामित्वमा छन यकिन छैन। बेवारिसे यी सवारी साधनहरुले सडक क्षेत्र/ सार्वजनिक क्षेत्र अशोभनीय देखिने, सडक दुर्घटना बढ्न सक्ने तथा स्थानीय पर्यटकीय स्थलको सौन्दर्यमा समेत प्रभाव पर्न सक्ने भएको हुँदा फिदिम नगरकार्यपालिकाको ५६ औँ बैठकको निर्णयानुसार १५ दिन भित्रमा हटाइदिन सम्बन्धित सवारीधनीहरुलाई यसै सूचनामार्फत सूचित गरिएको छ । सम्बन्धित सवारीधनीहरुले तोकिएको समयमा ति सवारीसाधनहरु नहटाएमा आर्थिक कार्यविधि ऐन,२०५५/ नियमावली,२०६४ एवं अन्य प्रचलित कानुनबमोजिम लिलाम-विक्रि गरिने वा धुल्याईने व्यहोरा समेत जानकारी गराईन्छ।

अम्विका प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**फिदिम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, पाँचथर।**

फोन नं. ०२४-५२०१०७, ०२४-५२११०८, फ्याक्सः ०२५-५२१००८
ईमेलः phidim.municipality@gmail.com,
वेबसाईटः http:phidimmun.gov.np
समृद्ध शहर, फिदिम नगर